# आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङले

# प्रदेश सभामा प्रस्तुत गर्नुभएको

# विनियोजन विधेयक, २०७५ का

# सिद्धान्त र प्राथमिकता

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. ४, पोखरा

**१७ जेठ, २०७५**

**माननीय सभामुख महोदय,**

१. आर्थिक वर्ष २०७५।७६ का लागि "प्रदेश नं. ४, प्रदेश सभा नियमावली, २०७४" को नियम १३३ को उपनियम (२) अनुसार विनियोजन विधेयक, २०७५ मा समावेश हुने सिद्धान्त र प्राथमिकता यस गरिमामय प्रदेश सभामा छलफलका लागि प्रस्तुत गर्न चाहन्छु ।

२. दिगो शान्ति र सुशासन कायम गर्दै समग्र आर्थिक-सामाजिक विकासको माध्यमबाट सबै प्रकारका विभेद, पछौटेपन र गरिबीको अन्त्य गर्दै सन्तुलितरूपमा समृद्ध प्रदेश निर्माण गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको छ।

३. आगामी आर्थिक वर्ष २०७५।७६ को बजेटले समाजवाद उन्मुख अर्थ व्यवस्थाको आधारशीला खडा गर्ने विश्वास लिएको छु ।

४. स्थिर सरकारका माध्यमबाट प्रदेशमा लगानीको वातावरणमा सुधार हुने, सरकारी लगानीलाई समृद्ध प्रदेश निर्माणको क्षेत्रमा केन्द्रीत गर्ने र निजी तथा सहकारी क्षेत्रको लगानीबाट उत्पादन वृद्धि र व्यापक मात्रामा रोजगारीका अवसर सृजना गर्ने आधार तयार हुने विश्वास लिएको छु ।

५. प्रदेशको अधिकार सूचीभित्रका कर तथा गैरकर राजस्वका आन्तरिक स्रोतको परिचालन गर्न प्रगतिशील कर प्रणाली अवलम्बन गरी करको आधार तथा दायरा विस्तार गरिनेछ । संघीय सरकारबाट प्राप्त हुने सबै प्रकारका अनुदान समेतको परिचालनद्वारा आर्थिक वर्ष २०७५।७६ को बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

**सभामुख महोदय,**

७. **विनियोजन विधेयक, २०७५ का सिद्धान्तहरू** प्रस्तुत गर्न चाहन्छु ।

**(क) विनियोजनका आधारः**

बजेट तर्जुमा गर्दा संघीय आर्थिक नीति र दिगो विकासका लक्ष्यहरूलाई विनियोजन विधेयकको सिद्धान्त तथा प्राथमिकताको आधारकोरूपमा लिइने छ । साथै, प्रदेशको समृद्धिका लागि संघ, प्रदेश र स्थानीय सरकारसँगको सहकार्य र सहलगानीबाट विकासलाई अघि बढाइने छ ।

**(ख) स्रोत व्यवस्थापनः**

सरकार, निजी र सहकारी क्षेत्रको सहकार्यमा उपलब्ध स्रोत र साधनको दिगो व्यवस्थापन र प्रयोगबाट दिगो आर्थिक विकासको आधारशीला खडा गर्दै सुदृढ, सबल र आत्मनिर्भर अर्थतन्त्रको विकास गरिने छ। लगानीमैत्री वातावरण सृजना गर्दै आर्थिक गतिविधिको विकास र विस्तार गरिनेछ ।

**(ग) लक्ष्य निर्धारणः**

आगामी वर्षको बजेट प्रस्तुत गर्दा प्रदेशका आगामी पाँच वर्षभित्र आर्थिक, सामाजिक र भौतिक पूर्वाधारका लक्ष्य निर्धारण गरिनेछ र निर्धारित लक्ष्य हासिल हुने गरी बजेटको विनियोजन गरिनेछ ।

**(घ) भौतिक पूर्वाधारः**

उच्च प्रतिफल दिने, दिगो र गुणस्तरीय भौतिक पूर्वाधार निर्माणका कार्यक्रमको प्राथमिकीकरण गरी लगानी केन्द्रित गरिनेछ ।

**(ङ) गरिबी निवारणः**

रोजगारीका अवसरको सृजना गरी गरिबी निवारणका लागि उपलव्ध साधन र स्रोतको उच्चतम प्रयोग गरिने छ ।

**(च) सामाजिक संरक्षणः**

स्थानीय ज्ञान, सीप र क्षमताको अभिबृद्धि गर्दै अतिविपन्न वर्ग तथा अल्पसंख्यक समुदायका लागि सामाजिक संरक्षणका कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

**(छ) सुशासनः**

प्रदेशको संगठन संरचना स्वीकृत गरी प्रदेशका सेवा र कार्यको थालनी गरिनेछ। सुशासन प्रवर्द्धनका लागि सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाइनेछ ।

**(ज) स्रोत व्यवस्थापनः**

प्रदेशभित्र रहेका जलस्रोत, खनिज, बनजङ्गल लगायतका प्राकृतिक स्रोतको पहिचान गरी दिगो व्यवस्थापनमा जोड दिइनेछ।

**(झ) विनियोजन दक्षताः**

खर्च प्रणालीमा विनियोजन दक्षता र सञ्चालन कुशलता अभिबृद्धि गरी वित्तीय व्यवस्थालाई सुदृढ गरिनेछ।

**(ञ) सहकार्य र समन्वयः**

नेपाल सरकारबाट हस्तान्तरण भई आउने आयोजना तथा कार्यक्रमहरूलाई बजेटमा समावेश गरी सञ्चालन गरिने छ । स्थानीय तहसँग लागत सहभागिताका आधारमा सहकार्य र समन्वय गरिने छ।

**(ट) नीतिगत सामञ्जस्यताः**

बजेट तर्जुमा गर्दा संघीय सरकारले जारी गर्ने वित्त नीति र नेपाल राष्ट्र बैंकले जारी गर्ने मौद्रिक नीतिसँग सामञ्जस्यता कायम हुने गरी बजेट प्रस्तुत गरिने छ ।

**सभामुख महोदय,**

**आर्थिक बर्ष २०७५।७६ को बजेटका उद्देश्यहरू** प्रस्तुत गर्न चाहन्छु ।

८. चालू आर्थिक बर्ष २०७४।७५ को बजेटले निर्धारण गरेका उद्धेश्यहरूलाई नै निरन्तरता दिएको छु । बजेटका उद्देश्य देहाय बमोजिम रहेका छन्;

क) जनशक्ति सहितको प्रदेश संरचनाको प्रबन्ध मिलाउने,

ख) सन्तुलन सहितको प्रादेशिक विकास गर्ने,

ग) प्रदेशमा लगानीमैत्री वातावरणको सृजना गर्ने,

घ) रोजगारीका अवसरको सृजना गर्ने,

ङ) गरिबी निवारण गर्ने।

**सभामुख महोदय,**

**विनियोजन विधेयक, २०७५ का प्राथमिकताहरू** प्रस्तुत गर्न चाहन्छु ।

९. बजेटका उद्देश्य हासिल गर्न देहायका क्षेत्रलाई उच्च प्राथमिकतामा राखी बजेट तथा कार्यक्रम तर्जुमा गरिने छ ।

**(क) भौतिक पूर्वाधार क्षेत्रः**

प्रदेशका गौरवका आयोजनामा लगानी बढाइनेछ । प्रदेशको राजधानीसँग जोड्ने स्तरीय सडक सञ्जाल निर्माणमा जोड दिइने छ ।एकीकृत बस्ती विकास र आधुनिक शहर निर्माणका लागि उच्च प्राथमिकता दिइने छ। सडक, पुल, नहर, खानेपानी, अस्पताल, विद्यालय, पार्क र शहरी तथा ग्रामीण क्षेत्रको भौतिक पूर्वाधारको विकासलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने छ । ठूला पूर्वाधार र महत्वपूर्ण आयोजनाको प्रभावकारी र नतिजामूलक कार्यान्वयनमा जोड दिइने छ ।

**(ख) कृषि क्षेत्रः**

आधुनिक एवं व्यवसायिक कृषिका लागि उन्नत खेती र उच्च मूल्य श्रृङ्खला भएका बालीको विकास र विस्तार तथा पशुपालन र फलफूल खेतीको विकासमा जोड दिइने छ । सिंचाईको सुविधा विस्तार, उन्नत बीऊ-वीजन, मलखादको व्यवस्था तथा अर्गानिक खेतीलाई प्राथमिकता दिइनेछ ।कृषि भूमी बाँझो

राख्नेलाई निरूत्साहित गरी कृषिको उत्पादन बढाइने छ । नमूना कृषि फर्महरू सञ्चालन गरिनेछ । कृषि क्षेत्रमा रहेको विचौलियाको अन्त्य गर्न बजारमा सहज पहुँचको व्यवस्था मिलाईने छ ।

**(ग) सामाजिक क्षेत्रः**

दिगो विकासका लक्ष्यहरू हासिल हुने गरी शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई जस्ता आधारभूत सामाजिक सेवामा पहुँच पुऱ्याउन जोड दिइने छ ।

**(घ) पर्यटन क्षेत्रः**

पर्यटन क्षेत्रको विकासबाट आन्तरिक उत्पादन र रोजगारी अभिवृद्धि हुने गरी पर्यटन पूर्वाधारका कार्यक्रमहरू सञ्चालन गरिने छ । साँस्कृतिक, धार्मिक र ग्रामीण पर्यटनको प्रवर्द्धनद्वारा आन्तरिक एवं वाह्य पर्यटकको आगमनमा वृद्धि गरिनेछ। पर्यटन सेवालाई गुणस्तरीय बनाउन जोड दिइनेछ।

**(ङ) ऊर्जा क्षेत्रः**

प्रदेशको आर्थिक समृद्धिका लागि ऊर्जा क्षेत्रमा लगानी केन्द्रित गरिने छ । सरकार, निजी र सहकारी क्षेत्रको सहकार्यमा जलविद्युत आयोजना निर्माण गर्ने व्यवस्था मिलाइनेछ । गाउँबस्तीमा विद्युतीकरणको प्रबन्ध मिलाइनेछ।

**(च) औद्योगिक क्षेत्रः**

आर्थिक बृद्धि र रोजगारी सृजनाका लागि औद्योगिक क्षेत्रको विकासमा जोड दिइनेछ। लघु, घरेलु र साना तथा मझौला उद्योगको स्थापनाका लागि प्रोत्साहन गरिनेछ । परम्परागत ज्ञान र सीपमा आधारित हस्तकलाका सामाग्री उत्पादन र प्रर्वद्धनमा जोड दिइनेछ ।

**(छ) जलस्रोत क्षेत्रः**

जलस्रोतको उपयोग गर्दै सिंचाई, नदी नियन्त्रण र पर्यटकीय जलमार्ग लगायतका कार्यक्रम सञ्चालन गरिने छ ।

**(ज) खेलकुद क्षेत्रः**

खेलकुद क्षेत्रको विकासका लागि अन्तर्राष्ट्रियस्तरको खेलकुद मैदान तथा रङ्गशाला निर्माणलाई प्राथमिकता दिइने छ ।साथै, खेलकुद क्षेत्रको विकासका निम्ति विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

**सभामुख महोदय,**

१०. अब म **विनियोजन विधेयक, २०७५ मा बजेट विनियोजनका लागि अवलम्वन गरिने प्रमुख नीतिहरू** प्रस्तुत गर्न चाहन्छु ।

- योजना तर्जुमा तथा कार्यान्वयन, स्रोत परिचालन र सेवा प्रवाहमा संघ, प्रदेश र स्थानीय तहका बीचमा समन्वय कायम गरिने छ ।

- प्रदेशको आर्थिक विकासमा निजी क्षेत्रको भूमिकालाई प्रवर्द्धन गरिने छ ।

- उद्योग क्षेत्रको विकास र विस्तारका लागि आर्थिक औद्योगिक करिडोर र विशेष आर्थिक क्षेत्रको स्थापना गर्ने व्यवस्था मिलाइने छ ।

- प्रदेशमा उपलब्ध प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र मानवीय स्रोतको उच्चतम उपयोग गर्दै आर्थिक-सामाजिक रुपान्तरण गरिने छ ।

- स्वदेशी लगानीलाई प्राथमिकता दिई वैदेशिक लगानी आकर्षित गरी रोजगारीका अवसर सृजना गर्दै गरिबी निवारण गरिने छ ।

- सहकारी क्षेत्रलाई विकासको साझेदारकारूपमा अगाडि बढाईने छ ।

- कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन जोड दिइने छ ।

- वन तथा वन पैदावारको दिगो व्यवस्थापन गर्दै जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालन गरिने छ।

- शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा सेवामा पहुँच र गुणस्तरीयता सुनिश्चित गरिने छ ।

- व्यवसायिक तथा प्राविधिक शिक्षामा जोड दिइने छ ।

- जल उत्पन्न प्रकोप नियन्त्रण तथा नदी व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिने छ ।

- सिमान्तकृत र अल्पसंख्यक समुदायको लागि सामाजिक संरक्षणका कार्यक्रम सञ्चालन गरिने छ ।

- बञ्चितिकरण र बहिष्करणमा परेका तथा हिंसा पिडित महिलाहरूको पुनःस्थापना, संरक्षण र सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिने छ ।

- सार्वजनिक सेवालाई नागरिकमैत्री बनाउन विद्युतीय सुशासनमा जोड दिईने छ ।

**माननीय सभामुख महोदय,**

मैले सम्मानित प्रदेश सभा समक्ष पेश गरेको विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीतिका सम्बन्धमा माननीय सदस्यहरूले छलफल गरी प्रदान गर्नु हुने सुझावलाई आगामी आर्थिक वर्ष २०७५।७६ को बजेट तर्जुमा गर्दा मार्गदर्शनका रूपमा लिइने विश्वास दिलाउन चाहन्छु । साथै, बजेट

प्रस्तुत गर्नु पूर्व विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता यस सम्मानित सदनमा प्रस्तुत गर्ने अवसर दिनुभएकोमा माननीय सभामुखप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद ।**